मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल

Purwanchal National Daily

◆ वर्ष : २९ ◆ अङ्क : ८१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० माघ २३ गते मंगलवार (Tuesday, Feb. 6 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## आगो ताप्दा सासूबुहारीको मृत्यु

**काठमाडौं, माघ २२।** डडेल्धुरा जिल्लाको अमरगढी-१ मा आइतबाररात्रि आगो ताप्ने क्रममा निसास्सिएर दुई जनाको मृत्यु भएको छ । मृत्यु हुने सासूबुहारी हुन् ।

एउटै कोठामा सुतेका सासू र बुहारीले चिसो छल्न आगो बालेका थिए । सोही आगोको कोइलाका कारण निसास्सिएर मृत्यु भएको हुनसक्ने अनुमान गरिएको छ । मृत्यु हुनेमा अमरगढी नगरपालिका-१ मालम बस्ने ६० वर्षीया धौलीदेवी दियाल र २६ वर्षीया पुनम दियाल रहेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी

*(बाँकी अन्तिम पृष्ठमा)*

# बिर्तामोड-अर्जुनधारा सडकखण्ड तीन दिनदेखि बन्द

तस्वीरः कौशल भण्डारी

**झापा, माघ २२।** बिर्तामोड-अर्जुनधारा सडक खण्ड स्थानीयले बन्द गरेका छन् ।

निर्माण कार्य शुरु गरेको लामो समयसम्म पनि सडक निर्माण कार्य सम्पन्न नभएको र धुलाम्मे सडकका कारण मानव स्वास्थ्यमा प्रतिकूल असर परेको भन्दै स्थानीयले सवारी आवागमन ठप्प पारेका हुन् । शनिवारबाट स्थानीयले सो सडक खण्डमा कुनैपनि सवारी सञ्चालन गर्न दिएका छैनन् ।

पुलचोकबाट कप्तानवारीसम्म ढाट लगाएर स्थानीयले सवारी आवागमन रोकेका हुन् । उनीहरुले सो सडक भएर आवत जावत गर्ने भित्री सडकमा समेत ढाट लगाएर सडक बन्द गरेका छन् । लामो समय बितिसक्दा पनि सडक निर्माणको काम अघि नबेढको र निर्माण व्यवसायीले सडक अलपत्र पारेको भन्दै सडक बन्द गर्न सरोकर समिति गठन गर्दै सडक अवरुद्ध पारिएको स्थानीय गणेश इङ्नामले जानकारी दिए ।

वडा र नगरपालिकासँग पटक-पटकको छलफलपछि स्थानीयले शिव आचार्यको संयोजकत्वमा १३ सदस्यीय समिति गठन गरेका थिए । सो समितिले सडक बन्ने र बजेट सुनिश्चिता नभएसम्म सडक अवरुद्ध गर्ने जनाएको छ ।

भ्याटसहित १५ करोड ८२ लाख ७७ हजारमा प्रवीण-मैनाचुली-शान्ति जेभीले २०७९ जेठ ९ गते दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरेको थियो । तर, निर्माण शुरु भएको २० महिना बितिसक्दा समेत निर्माण कम्पनीले १५ प्रतिशत मात्रै काम सम्पन्न गरेको सडक डिभिजन कार्यालय दमकले जनाएको छ । सडक निर्माणका लागि प्रविण-मैनाचुली-शान्ति जेभीले काम गर्न सम्झौता गरेको थियो । तर, सो कम्पनीले समयमा भुक्तानी नपाएर सडक निर्माण कार्य अघि बढाउन नसकेको सडक डिभिजन कार्यालय दमकका इञ्जिनियर उज्ज्वल खतिवडाले बताए । भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयबाट प्राप्त बजेटले उक्त सडक २०८१ जेठमा निर्माण गरिसक्नुपर्ने सम्झौतामा उल्लेख छ ।

त्यसो त सो सडक निर्माण शुरु गरेदेखि नै निर्माण व्यवसायीसंग स्थानीय सन्तुष्ट छैनन् । शुरुका दिनमा प्रविण-मैनाचुली-शान्ति जेभीले आयोजनास्थलमा सूचना पाटी समेत नराखी सो सडक निर्माण कार्य अघि बढाएको थियो । स्थानीइले यसअघि नै सडक निर्माणको पारदर्शितामा प्रश्न उठाएका थिए ।

सूचना पाटी निर्माणका लागि छुट्टै बजेट व्यवस्थापन भए

*(बाँकी अन्तिम पृष्ठमा)*

## एक्लै चुनाव लड्ने गरी तयारी गर्न निर्देशन

**बिर्तामोड, माघ २२।** नेपाली कांग्रेसका वरिष्ठ नेता डा. शेखर कोइरालाले आगामी निर्वाचनमा वडादेखि केन्द्रसम्म एक्लै चुनाव लड्ने गरी मिहिनेत गरेर पार्टी संगठन बलियो बनाउन कार्यकर्तालाई निर्देशन दिएका छन् ।

समुदायमा कांग्रेस अभियान अन्तर्गत सोमवार झापा जिल्ला पार्टी कार्यालयमा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै नेता कोइरालाले यस्तो निर्देशन दिएका हुन् । महाधिवेशनमा गुटगत राजनीति देखिनु स्वभाविक भए पनि त्यसको तिक्तता आम निर्वाचनमा पोखिँदा समस्या उत्पन्न भएको बताउँदै नेता कोइरालाले बैचारिक गुटलाई पार्टी संगठन बलियो बनाउन लगाउनुपर्नेमा जोड दिए ।

अहिलेको निर्वाचन प्रणाली नै गठबन्धन नगरी सरकार बन्ने अवस्था नरहेको बताउँदै उनले आफू निर्वाचनपछिको गठबन्धनका पक्षमा रहेको धारणा राखे । सहभागीहरुले उठाएको जिज्ञासाको जवाफ दिँदै नेता कोइरालाले कोशी प्रदेश सरकारको नेतृत्व अन्य दललाई दिनु हुँदैन भन्नेमा आफू स्पष्ट रहेको बताउँदै पार्टीको जो-कोही आए पनि आफ्नो विरोध नरहने बताए ।

राजनीतिमा संकीर्ण मानसिकता राख्न नहुने भन्दै उनले सबै विचार र आस्थाका व्यक्तिहरुसँगको निरन्तर भेटघाट र विचार मन्थनपछि नयाँ विचार पस्किन सकिने भनाइ राखे । अर्को एकफरक प्रसंगमा आफू हिन्दू धर्मावलम्बी भएको स्पष्ट पार्दै नेता कोइरालाले भने- 'राज्यको धर्म हुँदैन भन्नेमा म स्पष्ट छु । मैले मेरो धर्म र संस्कृति अनुसारको आस्था राख्न र संस्कार गर्न पाउनुपर्छ ।' पछिल्लो समय धर्म निरपेक्षताको आडमा व्यक्तिको आस्था, संस्कार र संस्कृतिमाथि नै प्रहार हुन थालेकोप्रति उनले दुःख व्यक्त गरे ।

कृषि उद्योग स्थापना गरेर रोजगारीको सिर्जना

*(बाँकी अन्तिम पृष्ठमा)*

## अमेरिकी डलरसहित चिनियाँ पक्राउ

**काठमाडौं, माघ २२।** अवैध रूपमा लुकाइछिपाइ बाह्य मुलुकतर्फ लैजान लागेको २५ हजार अमेरिकी डलरसहित एक जना चिनियाँ नागरिक पक्राउ परेका छन् । २९ वर्षीय चु बिङ्चाङलाई आइतबाररात्रि प्रहरीले पक्राउ गरेको हो ।

चाईना साउथर्नको उडानद्वारा काठमाडौंबाट चीनको गोन्जाउ जान लागेका उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान ह्याण्ड व्यागेज चेकिङ एरियामा जाँच गर्ने क्रममा डलर फेला परेपछि पक्राउ गरिएको प्रहरीको भनाइ छ । उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइएको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा ४ जना पक्राउ

**झापा, माघ २२।** जबरजस्ती करणी गरेको अभियोगमै प्रहरीले छुट्टाछुट्टै स्थानबाट चार जनालाई पक्राउ गरेको छ ।

३७ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा झापा मेचीनगर नगरपालिका-९ बस्ने भारत बलिया थाना घर भएका ५० वर्षीय अजय गुप्तालाई प्रहरीले पक्राउ गरेको छ ।

गुप्ताले ती महिलालाई शनिबार राति जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय धुलाबारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

यस्तै प्रहरी प्रधान कार्यालयका अनुसार दाडमा १५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा तुलसीपुर नगरपालिका-१२ हरिपौरा बस्ने २१ वर्षीय अशोक चौधरी समेत दुई जनालाई प्रहरीले पक्राउ गरेको हो ।

उनीहरूले ती किशोरीलाई ललाइफकाइ सोही नगरपालिका-११ गैरागाउँस्थित नर्सरीमा लगेर शनिवार राति जबरजस्ती करणी गरेको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय तुलसीपुरबाट खटिएको प्रहरीले दुवै जनालाई पक्राउ गरेको हो ।

यसैगरी बागलुङमा १३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा काठेखोला गाउँपालिका-८ लेखानी बस्ने ४० वर्षीय होमबहादुर पुनलाई प्रहरीले पक्राउ गरेको छ । पुनले ती बालिकालाई ललाइफकाइ सोही गाउँपालिका-५ कर्लिमस्थित खाली घरमा जबरजस्ती करणी गरेको सूचनाका आधारमा प्रहरी चौकी धम्जाबिहुँबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## माल्दिभ्सले सन् २०२४मा २० लाख पर्यटक भित्र्याउने

**काठमाडौं, माघ २२।** माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जूले माल्दिभ्सको पर्यटन उद्योगको स्थापनापछि माल्दिभ्सको इतिहासमा पहिलोपटक सन् २०२४मा २० लाख पर्यटक भित्र्याउन सक्ने बताएका छन् ।

मुइज्जूले सोमबार बिहान जारी १९औं संसदको अन्तिम अधिवेशनको उद्घाटन बैठकमा राष्ट्रपतिका रूपमा आफ्नो पहिलो सम्बोधनमा उक्त कुरा बताएका हुन् । राष्ट्रपति मुइज्जूले वेलाना अन्तर्राष्ट्रिय विमानस्थल (भीआईए) को विस्तारले वर्षको मध्यसम्ममा औसतमा १०.३ प्रतिशतले पर्यटक आगमनमा वृद्धि हुने बताए ।

मालदिभ्स सरकारले यसवर्ष २० वटा नयाँ रिसोर्ट खोल्न चाहेको र ती रिसोर्टले दुई हजार ८ सय २७ बेड निर्माण गर्ने बताए । विभिन्न कारणले रोकिएका टापु, जग्गा प्लटिङ र तालको विकासका लागि अवरोधको पहिचान गरी सम्भावित समाधानको खोजी भइरहेको राष्ट्रपति

मुइज्जूले बताए । माल्दिभ्सको आधिकारिक तथ्याङ्क अनुसार सन् २०२३ मा माल्दिभ्समा १८ लाखभन्दा बढी विदेशी पर्यटक आएका छन् ।

माल्दिभ्सको पर्यटन मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार माल्दिभ्समा यस वर्षको जनवरीमा एक लाख ९२ हजारभन्दा बढी पर्यटक भित्रिएका छन्, जुन गतवर्षको सोही अवधिको तुलनामा ११.५ प्रतिशतले बढी हो ।

## एनआइसीयुका लागि छुट्याइएको बजेट अपुग

**काठमाडौं, माघ २२।** नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको एक अध्ययनमा सरकारले नवजात शिशु सघन कक्ष (एनआइसीयु)का लागि छुट्याउने रकम ५० प्रतिशतभन्दा बढीले अपुग हुने देखिएको छ ।

परिषद्ले उपत्यकाभित्र र बाहिरका विभिन्न अस्पतालमा पुगी गत वैशाखदेखि असोजसम्म गरेको अध्ययनमा प्रतिविरामी रु. १० हजारभन्दा बढी खर्च अपुग देखिएको हो । सरकारले हाल एनआइसीयूमा उपचार गराउने प्रत्येक बिरामीको उपचारका लागि औसतमा रु. आठ हजार उपलब्ध गराउँदै आएको छ ।

एनआइसीयु छ दिन उपचार गर्दा औसतमा प्रतिविरामी रु. १८ हजार चार सय ९० खर्च हुने र अपुग रु १० हजार चार सय ९० अस्पतालले नै व्यहोर्दै आएको अध्ययनमा देखिएको छ ।

अनुसन्धानकर्ता उत्तम दवाडीले अध्ययनमा उक्त खर्च बाहेक बिरामीको व्यक्तिगत रुपमा थप औसत रु. २९ हजार चार सय ८५ खर्च हुने गरेको देखिएको छ । यसरी एनआइसीयूमा छ दिन उपचार गर्दा रु. ४७ हजार नौ सय ७५ खर्च हुने गरेको देखिएको छ । बिरामीले गर्ने व्यक्तिगत खर्च औषधिमा

*(बाँकी अन्तिम पृष्ठमा)*

### वैदेशिक रोजगार

## लामालाई थुनामा पठाउन आदेश

**काठमाडौं, माघ २२।** वैदेशिक रोजगार न्यायाधीकरणले वैदेशिक रोजगार कसुरमा लालबहादुर लामालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ ।

न्यायाधीकरणका अध्यक्ष कृष्ण गिरी, सदस्यहरु निशा बानियाँ, उद्धवप्रसाद पुडासैनीको इजलासले वैदेशिक रोजगार कसुर मुद्दामा स्टार सिपिङ सर्भिस एण्ड ट्रेनिङ सेन्टर प्रालिका निर्देशक लामालाई पूर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको हो । लामाबिरुद्ध आइपासाङ शेर्पासमेत आठ सय ४५ जनाले रु. तीन करोड ९३ लाख १४ हजार तीन सय ३३ र त्यसको ५० प्रतिशत हर्जनासमेत माग गरी उजुरी दिएका थिए ।

प्रतिवादीबाट हुनसक्ने जोखिम विश्लेषण गर्दा हाल यी प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधिसंहिता २०७४ को दफा ६७ बमोजिम पूपर्क्षका लागि थुनामा राख्ने गरी यो आदेश गरिदिएको छ- जारी आदेशमा भनिएको छ । लामाले न्यायाधीकरण समक्ष दिएको बयान, मिसिल संलग्न नगद बुझिएको रिसिप्ट र चेकसमेतका कागजात र यी प्रतिवादीको बैंक खातामा जाहेरवालाहरुले रकम बुझाएको देखिने बैंक भौचर समेत प्रमाणका आधारमा तत्काल कसुरदार होइनन् भन्ने नदेखिएको आदेशमा उल्लेख छ ।

वैदेशिक रोजगार कसुरमा २०७९ साल पुस २४ मा आइपासाङ शेर्पा, हरिबहादुर थापा समेतले लामाले लिथुनिया, कोरिया, न्युजिल्याण्ड, क्यानाडा समेतका देशमा रोजगारीका लागि पढाउने भनी रकम लिई ठगी गरेको भन्दै उजुरी परेको थियो । लामालाई गत पुस १६ गते काठमाडौंको शंखमूलबाट पक्राउ गरिएको थियो । प्रहरीले लामाको तालिम सेन्टरबाट पीडितहरु नौ सय ३४ थान राहदानी बरामद गरेको थियो । लामाले बिगो बमोजिमको रकम फिर्ता गर्न आफू तयार रहेको बयान दिएका छन् ।

## माल्दिभ्स र न्युजिल्याण्ड पठाउँछु भन्दै ठगी

**काठमाडौं, माघ २२।** माल्दिभ्स पठाउँछु भनेर ठगेको आरोपमा प्रहरीले एकजना महिलालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा खोटाङको बाक्सिला घर भएर काँडाघारी बस्ने फूलमाया खत्री छिन् ।

प्रकाश बुढाथोकीलाई वैदेशिक रोजगारीको लागि माल्दिभ्स पठाउँछु भनेर चार लाख ४० हजार रुपैयाँ ठगेको उपत्यका अपराध अनुसन्धान कार्यालयका एसपी रवीन्द्र रेग्मीले बताए । ४३ वर्षीया खत्रीलाई थप अनुसन्धान र कारवाहीका लागि प्रहरीले वैदेशिक रोजगार विभागमा पठाएको छ ।

उता न्युजिल्याण्ड पठाउँछु भनेर ठगेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सल्यान घर भएका ४६ वर्षीय चन्द्रबहादुर बुढाथोकी र ३३ वर्षीय टोपबहादुर सेजवाल रहेका

*(बाँकी अन्तिम पृष्ठमा)*

मोरङको बूढीगंगा गाउँपालिकाद्वारा कर्मवीर मावि, हात्तीमुडामा सञ्चालित पाँचौ राष्ट्रपति रनिङ शिल्ड अन्तरविद्यालय प्रतियोगिता एवम् दोस्रो प्रतिभा पहिचान कार्यक्रममा विद्यार्थीहरु झाँगड (उराव) नृत्य प्रस्तुत गर्दै । तस्वीर: रासस

# युक्रेनी सेनाले बन्धक बनाएकालाई २ लाख दिए नेपाल ल्याइदिने भनेपछि...

**काठमाडौं, माघ २२।** अध्ययनका लागि रुस पुगेर युक्रेनी सेनाले बन्धक बनाएका विद्यार्थीका आफन्तलाई ठगेको आरोपमा एक व्यक्ति पक्राउ परेका छन् ।

काठमाडौं प्रहरी परिसरको टोलीले काभ्रेको पाँचखाल स्थायी घर भएका २५ वर्षीय अञ्जन बराललाई पक्राउ गरेको हो । बरालले २ लाख रुपैयाँ दिए ती विद्यार्थीलाई नेपाल ल्याउने भनेर एक लाख ४० हजार रुपैयाँ हात पारेपछि मोबाइल स्वीच अफ गरेर बेपत्ता भएको पीडितको आरोप छ ।

पीडितका अनुसार आफूले युक्रेनी सेनामा चिनेको मान्छे छ भन्दै विश्वास दिलाएर बरालले ठगेका थिए । बराल सम्पर्कबिहीन भएपछि आफूहरू ठगिएको थाहा पाएको पीडितले उल्लेख गरेका छन् । जाहेरवालाले उजुरी गर्नुअघि नै बराल प्रहरीको नियन्त्रणमा पुगिसकेका थिए । उनलाई अर्के ठगी अभियोगमा प्रहरीले पक्राउ गरेको थियो ।

बराललाई ३ लाख ५० हजार रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले पक्राउ गरेको थियो । युनिक कन्स्ट्रक्सन नाम गरेको कम्पनीका सञ्चालकलाई ३ करोड ५० लाख रुपैयाँ ऋण दिने तर व्याजबापतको ३ लाख ५० हजार रुपैयाँ अग्रिम दिनुपर्ने बताएर बरालले ठगी गरेको प्रहरीले जनाएको छ ।

उनले ३ करोड ५० लाख रुपैयाँ जम्मा गरेको नक्कली बैंक भौचर पठाएर ३ लाख ५० हजार रुपैयाँ पठाउन लगाएका थिए । वर्षको एक प्रतिशत बराबरको ब्याज पठाएपछि पठाउने भनेको पैसा खातामा नदेखेपछि पीडितले प्रहरीमा उजुरी गरेका थिए ।

## अर्जुनधारा-३ र ९ सेमीमा

**अर्जुनधारा, माघ २२।** झापाको अर्जुनधारामा जारी दोस्रो यू-१८ वडास्तरीय नकआउट फुटबल प्रतियोगिताको सेमीफाइनलमा अर्जुनधारा-३ र अर्जुनधारा-९ पुग्न सफल भएका छन् ।

अर्जुनधारा-७स्थित अर्जुनधारा खेलमैदानमा सोमबार सम्पन्न भएको पहिलो खेलमा अर्जुनधारा-४लाई ०-१ गोल अन्तरले पराजित गर्दै अर्जुनधारा-३ सेमीफाइनलमा पुग्न सफल भएको हो ।

अर्जुनधारा-३को जीतको लागि खेलको ३२औं मिनेटमा प्रतिक कन्दङ्वाले गोल गरेका थिए । उक्त खेलको उत्कृष्ट खेलाडी घोषित गोलकर्ता कन्दङ्वालाई शनिश्चरे फुटबल क्लबका सल्लाहकार टेकराज तिलिङ सुब्बाले नगद पुरस्कारबाट पुरस्कृत गरेका थिए ।

त्यसैगरी दोस्रो खेलमा अर्जुनधारा-११लाई टाइब्रेकरमा ३-४ गोल अन्तरले पराजित गर्दै अर्जुनधारा-९ सेमीफाइनलमा पुग्न सफल भएको हो । निर्धारित समयमा दुवै टिमबाट गोल नभएपछि खेलको निर्णय टाइब्रेकरबाट गरिएको थियो । उक्त खेलको उत्कृष्ट खेलाडी घोषित विजयी टिमका गोलरक्षक विजय परियारलाई अर्जुनधारा-११का वडाध्यक्ष खगेन्द्र इङ्नामले नगद पुरस्कारबाट पुरस्कृत गरेका थिए ।

प्रतियोगिता अन्तर्गत आज मंगलबारको पहिलो सेमीफाइनल खेल १२:३०बजे अर्जुनधारा-३ र अर्जुनधारा-१० तथा अन्तिम सेमीफाइनल खेल २:३० बजे अर्जुनधारा-८ र अर्जुनधारा-९ बीच हुने बताइएको छ ।

# हात्तीपीडितका गुनासो सुन्न कांग्रेस गाउँमा

**इटहरी, माघ २२।** हात्ती गाउँ पस्ने डरले रातभर जाग्राम बस्ने इटहरीका हात्तीपीडितका गुनासो सुन्न कांग्रेस नेताहरू टोल-टोलमा पुगेका छन् ।

दैनिकजसो हात्ती गाउँ पसेर घर भत्काउने, बाली खाइदिएर हैरान भएका इटहरीवासीको कुरा सुन्न कांग्रेस नेताहरू गाउँ-गाउँमा पुगेका हुन् । उनीहरूले इटहरीका हात्ती प्रभावित वडाहरू २, ३, १९ र २०का गाउँ-गाउँमा पुगेर प्रभावितहरूको कुरा सुनेका थिए ।

वडा नं. २को हात्ती चौक, वडा न. ३को खोर्सानेे खाप, वडा नं. १९को हात्ती गौडे र वडा नं. २०को बहुभाषी विद्यालयको खेलमैदानमा भेला भएका गाउँलेहरूसँग कांग्रेसका नेताहरूले अन्तरक्रियाका माध्यमबाट गुनासो, दुःख पीडा सुनेका थिए । उनीहरुले भत्किएका घरसहित प्रभावित क्षेत्रमा पुगेर अवलोकन पनि गरे ।

हात्ती पीडितका गुनासो सुन्न कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री शम्शेर राईदेखि केन्द्रीय सदस्यद्वय राजीव ढुङ्गाना, प्रदीप सुनुवार, जिल्ला सभापति केदार भण्डारी, इटहरीका नगर सभापति तथा नगर प्रमुख हेमकर्ण पौडेलदेखि वडाध्यक्ष मणिराम

श्रेष्ठसहितका नेताहरू गाउँ-गाउँ पुगेका थिए । नेपाली काँग्रेस सुनसरी क्षेत्र नं. २ क को अगुवाइमा यो कार्यक्रम गरिएको हो ।

हात्ती पीडितका गुनासो सुनेपछि आन्तरिक मामिला तथा कानूनमन्त्रीले तत्काल आवश्यक सामग्रीको व्यवस्थापनका लागि सहजीकरण गर्ने बताए । हात्ती पीडितका समस्या दीर्घकालीन रूपमा समाधानमा प्रदेश सरकारले काम गर्न लागेको उनले जानकारी दिए ।

हात्ती पीडितका दुःख, नजिकबाट सुन्न र समस्या समाधान गर्ने निकायसँग समन्वय गर्न कार्यक्रम आयोजना गरिएको सुनसरी क्षेत्र २ क का सभापति शुभेच्छुक देवानले जानकारी दिए । प्रदेश सरकार र स्थानीय सरकारबाट पीडितका दुःखलाई सम्बोधन गर्न उनीहरूका गुनासो सुनाउने समन्वयको काम गरेको सभापति देवानले बताए । हात्ती प्रभावित क्षेत्रका पीडितहरूलाई हात्तीको बारेमा सचेतना तथा जानकारी दिने काम भने मेचीनगरपालिका वडाध्यक्ष अर्जुन कार्कीले गरेका थिए । हात्तीका बारेमा जानकार रहेका वडाध्यक्ष कार्कीले हात्तीबाट बच्ने उपायको बारेमा स्थानीयबासीलाई जानकारी दिए । हात्तीले २०औं वर्षपछिसम्म पनि आफू हिँडेको बाटो हिँड्ने र आफूलाई जिस्क्याउने, चलाउनेलाई आक्रमण गर्न सक्ने भएकाले सचेत रहन उनले आग्रह गरे । उनले भने- 'हामी हात्तीको ठाउँमा आएका हौं, हात्ती हामी भएको ठाउँमा आएका होइनन्, त्यसैले हात्तीलाई जिस्क्याउने गर्नुहुँदैन ।' पहिलो चरणमा पीडितका गुनासो सुनेको कांग्रेसले दोस्रो चरणमा सचेतनाका थप कार्यक्रम गर्ने सभापति शुभेच्छु देवानले बताए । हात्ती विज्ञहरूमार्फत हात्तीसँगको सहअस्तित्व कसरी निर्माण गर्ने भनेर गाउँलेहरूलाई सिकाउन सचेतनामूलक कार्यक्रम आयोजना गर्ने उनले बताए ।

स्थानीय सरकारसँग समन्वय गर्दै प्रभावित गाउँलेहरूमध्येबाटै केहीलाई झापाको बाहुनडाँगी लगेर तालिम दिने, हात्तीसँग कसरी सहज रूपमा जिउने भन्ने कला सिकाउन पठाउने लगायतका कार्यक्रम गर्ने योजना रहेको सभापति देवानले सुनाए ।

इटहरी उपमहानगर तथा वडासँग समन्वय गरेर कार्यक्रम गर्ने उनले जानकारी दिए । गएको कात्तिक महिनादेखि हात्तीले सो क्षेत्रमा निरन्तर दुःख दिँदै आएको छ । हात्तीको आक्रमणबाट इटहरी-२मा एक जना स्थानीयको ज्यान गएको थियो । हात्तीले केही स्थानीयको घर भत्काइदिएको थियो । हात्ती दैनिक रूपमा गाउँमा पस्न थालेपछि इटहरीवासीहरू त्रसित हुँदै आएका छन् ।

# सविरको निर्देशनमा 'रूखान'

निर्देशक सविर श्रेष्ठको निर्देशनमा नयाँ फिल्मको घोषणा गरिएको छ । सविरको निर्देशनमा फिल्म 'रुखान' निर्माणको घोषणा गरिएको हो । यो फिल्मलाई ४ वटा भाषामा निर्माण गरिने निर्माण पक्षले जानकारी दिएको छ । फिल्मलाई नेपाली, अंग्रेजी, हिन्दी र भोजपुरी भाषामा निर्माण गरिने छ ।

कृष्ण थापा र सुरेश गुरुङको निर्माणमा बन्ने यो फिल्ममा डाक्टर रूपक घिमिरेको कथा रहेको छ । फिल्मका कार्यकारी निर्माता नायक सविन श्रेष्ठ हुन् । फिल्ममा अर्जुन पोखरेलको संगीत, अभिमन्यू निरवीको पटकथा तथा संवाद रहनेछ ।

यो फिल्म सविन फिल्मस्, भिक्टोरी प्रोडक्शन हाउस प्रा.लि र काइट्स इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुन लागेको हो । फिल्म निर्माणमा आवरण स्किन एण्ड हेयर क्लिनिकले पनि सहकार्य गरेको छ ।

सार्वजनिक फिल्मको फस्टलुकमा एक जना महिला न्यायका लागि मुट्ठी कसेर विद्रोहमा उत्रिएको देखिन्छ । यस्तै, मुखमा अक्सिजन लगाएर उपचार गराइरहेका एक युवालाई पनि पोस्टरमा देखाइएको छ । फिल्मको फस्टलुकमा 'न्याय देऊ' भनेर लेखिएको छ । पोस्टरमा आन्दोलनको झलक दिने तस्बिर समेत समावेश गरिएको छ । फस्ट लुकले यो फिल्मले आम नागरिकको समस्याको कथा भन्ने संकेत गरेको छ ।

फिल्मको विषयमा निर्देशक सविर श्रेष्ठले भने, 'यो एक महिलाको संघर्षको कथा हो । यो कथाबाट हामीले सिंगो देशका नागरिकहरूको समस्यालाई भन्ने प्रयास गर्नेछौं ।' फिल्मको मुख्य पात्रमा महिला कलाकार हुने सविरको भनाई छ । उनका अनुसार, कलाकारहरू फाइनल गर्ने क्रम जारी छ । चाँडै नै, फिल्मको मुख्य कलाकारको नाम घोषणा गरिने सविरले बताए ।

## बिर्तामोड ...

पनि निर्माण कम्पनीले सूचना पाटी नराखेकाले आयोजना परिसरमा सबैले देख्ने गरी सूचना पाटी राख्नुपर्ने इञ्जिनियर खतिवडाले बताए ।

बिर्तामोडको टाटा शोरुमबाट शुरु हुने सो सडक कप्तानबारी हुँदै सालबारी झिलसम्म ६ दशमलव १ किलोमिटरको निर्माण हुने भए पनि सम्झौता भएको २० महिना बितिसक्दा २० मिटरको ड्रेनमात्र निर्माण भएको छ ।

**संघर्ष समितिमा आचार्य**

सडक निर्माणमा ढिलाइ भएसँगै त्यस क्षेत्रका दुई सयभन्दा बढी सर्वसाधारणको उपस्थितिमा शिवकुमार आचार्यको संयोजकत्वमा संघर्ष समिति गठन गर्दै निर्माण कार्यलाई अघि बढाउन दबाब दिने भएको छ ।

१३ सदस्यीय समितिको उपसंयोजकमा आश्वीन काफ्ले, जितबहादुर मगर, सचिवमा दुर्गा विक रहेका छन् । त्यस्तै सदस्यहरुमा रितु श्रेष्ठ, अतुल चुडाल, सनम राजवंशी, खगेन्द्र आचार्य, रत्नकुमारी तामाङ, सरोज मुखिया, कुमार सिलवाल र प्रभु राजवंशी रहेका छन् । यसैगरी किरण राईको संयोजकत्वमा वार्ता टोली समेत सोही भेलाले गठन गरेको छ ।

जसको सहसंयोजकमा शिवकुमार आचार्य, उपसंयोजकमा खेमकुमार पौडेल रहेका छन् भने सदस्यमा नरकुमार गुरुङ, वृखबहादुर श्रेष्ठ, कमल आचार्य, अश्वीन काफ्ले भगीया दनुवार, रवीन श्रेष्ठ र हरि कार्की रहेका छन् ।

सडक संघर्षका लागि भन्दै युथ फोर्स समेत तयार गरिएको छ । युवा समूह नाम दिएर गठन गरिएको समितिको संयोजकमा रितु श्रेष्ठ रहेका छन् भने समितिको सदस्यहरुमा अतुल चुडाल, लव श्रेष्ठ, सुजन मिश्र, अमित राई, सुजन चौधरी, गणेश घिमिरे, तीर्थराज मिश्र, सनम राजवंशी, दीपक चापागाँई, सुमन सेढाई, मुकेश सुवेदी, जीवन पनेरु रहेका छन् ।

त्यस्तै सदस्यमै बिशाह सेढाई, तिलक रिजाल, रवि श्रेष्ठ, बिनोद मगर, गोविन्द भट्टराई, धनकुमार राई, विदुर कार्की, महावीर दनुवार, कृष्ण घतानी, कुमार कार्की, प्रवीण रिजाल, दिलीप साम्पाङ, युवराज श्रेष्ठ र आशिष राई रहेका छन् ।

## आगो ..

कुसुम नायकले जानकारी दिए ।

उनका अनुसार राति कोठामा आगोको कोइला ताप्ने क्रममा निसास्सिएर उनीहरुको मृत्यु भएको खुलेको छ । बेहोस अवस्थामा फेला परेका दुवैलाई घरपरिवार र आफन्तको सहयोगमा अस्पताल पुऱ्याइएको थियो । अस्पतालमा चिकित्सकले मृत घोषणा गरेका थिए । यस विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## माल्दिभ्स ...

छन् ।

उनीहरुले खड्गराज गिरी समेत दुई जनालाई वैदेशिक रोजगारीको लागी न्युजील्याण्ड पठाउँछु भनेर ११ लाख ५० हजार ठगेको आरोप छ । आरोपीहरुले प्रतिव्यक्ति १० लाख लाग्ने र त्यहाँ मासिक दुई लाख कमाई हुने आश्वासन दिएका थिए । रकम लिएपछि उनीहरु सम्पर्कविहीन भएका थिए । उनीहरुलाई बानेश्वरबाट पक्राउ गरेर वैदेशिक रोजगार विभागमा बुझाएको उपत्यका अपराध अनुसन्धान कार्यालयका एसपी रवीन्द्र रेग्मीले बताए ।

## एक्लै ...

अहिलेको आवश्यकता रहेको चर्चा गर्दै उनले विपन्नले कृषि अनुदान नपाउने अवस्थाको अन्त्य गर्न माग समेत गरे । 'नेतालाई प्रजातन्त्र आए पनि जनतालाई आएको छैन'- नेता कोइरालाले भने- 'जनतालाई प्रजातन्त्र र सुशासनको प्रत्याभूति दिन सक्नुपर्छ र मात्रै प्रजातन्त्र आएको अनुभूति हुन्छ ।' जनतालाई प्रजातन्त्रको अनुभूति दिन भ्रष्टाचार अन्त्य गर्नुपर्नेमा उनको जोड थियो ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेस कोशी प्रदेश सभापति उद्धव थापाले समुदायमा पार्टी स्थापित गरेर एक्लै निर्वाचनमा जानुपर्नेमा जोड दिए । नेताको निर्देशन र निगाहमा अवसर पाउने प्रवृत्तिले पार्टीलाई क्षति पुग्ने धारणा राख्दै नेता थापाले यसको अन्त्य नभए पार्टीको भविष्य अन्योलमा पर्ने विचार राखे । नेतृत्वको आसपासमा हुनेलाई मात्र अवसर दिने अवस्थाको अन्त्य गरेर योगदानको आधारमा अवसर दिन उनले आग्रह गरे । पार्टीका केन्द्रीय सदस्यहरु स्वतः महाधिवेशन प्रतिनिधि हुने व्यवस्था परिवर्तन गरी जनताबाट अनुमोदित हुने व्यवस्था लागू गर्न उनले माग समेत गरे ।

नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले समुदायमा कांग्रेस अभियान एवम् पार्टी संगठनको सक्रियताका लागि वडातहमा महाधिवेशन र जिल्ला सदस्यहरुलाई प्रतिनिधि खटाइएको जानकारी दिए । पार्टी सभापति थेवेको सभापतित्वमा सम्पन्न कार्यक्रममा उपसभापति केशवराज पाण्डेले स्वागत गरेका थिए भने सञ्चालन सचिव कृष्ण हुमागाँईले गरेको कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए ।

कार्यक्रममा उषा गुरुङ, नारायण बस्नेत, हर्क फियाक, रतन थिङ्लाबो, विटु गुरुङ, किशोर ढुंगेल लगायतले आ-आफ्ना जिज्ञासा राख्दै पार्टीभित्र उमेरहद वा निश्चित पदावधिको व्यवस्था गर्न, युवाहरुलाई अवसर दिन, गुटगत राजनीति अन्त्य गर्न र समुदायको जिज्ञासा सम्बोधन गर्न माग गरेका थिए । समुदायमा कांग्रेस अभियानका लागि झापा संयोजक समेत रहेका कोइरालाले यसअघि दमक नगर समितिको सभाहलमा सम्पन्न कार्यक्रमलाई सम्बोधन गरेका थिए ।

## एनआईसीयुका ...

रु. १५ हजार ८३ र अस्पताल आवतजावत र बिरामी भेटन आउने व्यक्तिको समयबापतका औसतमा रु. सात हजार तीन सय ८५ खर्च हुने देखिएको अनुसन्धानकर्ता दवाडीले बताए । बिरामीले आफ्नो व्यक्तिगत खर्चमा सबैभन्दा बढी शय्या, औषधि र प्रयोगशालामा खर्च गर्ने गरेका छन् । अस्पतालको खर्च भने सबैभन्दा बढी मानव संशाधनमा हुने गरेको पाइएको छ ।

परिषद्ले उपत्यका बाहिर कैलालीको सेती प्रादेशिक अस्पताल र चितवनस्थित भरतपुर अस्पताल र उपत्यकाभित्रका त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, कान्ति बाल अस्पताल, ह्याम्स अस्पताल, अन्तर्राष्ट्रिय बालमैत्री अस्पतालमा एनआइसीयुमा उपचार गरिरहेका बिरामीको आर्थिक लागतको अध्ययन गरेको थियो ।

अध्ययनमा उपत्यकाभित्रका अस्पतालमा भने लागत झनै बढी भएको पाइएको थियो । उपत्यकाभित्र एनआइसीयुमा एउटा बिरामीको उपचारमा व्यक्तिगत खर्च औसत रु ३९ हजार दुई हजार ५० र अस्पतालको खर्च औसत रु ३३ हजार २९ हुने गरेको छ । परिषद्का वरिष्ठ अनुसन्धान अधिकृत डा. मेघनाथ धिमालले परिषद्ले गरेको अध्ययन अनुसन्धान सरकारलाई सुझावका रुपमा बुझाउने गरिएको बताए ।


## राहदानी हरायो

बिर्तामोडबाट धरान जाने क्रममा यही मिति २०८०।०९।०२ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- इन्द्रमणि ढकाल
**ठेगाना**:- धरमपुर-४, झापा
हाल: बिर्तामोड-४, झापा
**राहदानी नं.**:- २०१२५८५
**सम्पर्क**: ९८५२६७३३४१

## बिमालेख हरायो

धुलावारीबाट बिर्तामोड आउने क्रममा यही मिति २०८०/०५/०३ गते मेरो निम्न व्यहोराको सननेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- खम्बमाया मगर
**ठेगाना**:- बिर्तामोड-४, झापा
**पोलेसी नं.**:- १०१०००००१८१६
**कम्पनी नाम**: सननेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.
**सम्पर्क**: ९८४२९४७३६४

## कटेजसहित होटल बिक्रीमा

बिर्तामोड-२ रामचौकस्थित KTM शोरुमसंगै गार्डेन, पार्किङ फेमिली वातावरण भएको २ कठ्ठा क्षेत्रफलमा कम्पउण्ड बालसहित चालू अवस्थामा रहेको कटेजसहित होटल बिक्रीमा रहेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

**सम्पर्क: ९८१६९०६५८१, ९८०१४५६२३६**

## सामाजिक सञ्जाल प्रयोगकर्ताले ध्यान दिऔं

- बेनामी वा छद्मवेशी पहिचान सिर्जना गरी कुनै पनि विषयवस्तु उत्पादन, शेयर वा टिप्पणी नगरौं,
- मिथ्या, भ्रमपूर्ण सूचना, घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने खालका अभिव्यक्ति, श्रव्य दृश्य सामग्री, तस्वीर शेयर नगरौं,
- बहुविवाह, बालबिवाह, मानव बेचबिखन र छुवाछुत जस्ता कानूनले वर्जित गरेका विषय वा क्रियाकलाप गर्न प्रोत्साहन नगरौं,
- अरुलाई होच्याउने अपमान गर्ने जस्ता कार्य सामाजिक सञ्जालबाट नगरौं,
- निजी प्रकृतिका फोटो भिडियो अनुमति बेगर छायांकन, प्रकाशन तथा प्रसारण नगरौं,
- अश्लिल शब्द तस्वीर, श्रव्य, दृश्य, एनिमेसन प्रकाशन प्रशारण नगरौं,
- बालयौन शोषण, यौन दुर्व्यवहार, देहव्यापार लगायतका क्रियाकलापलाई प्रोत्साहन नगरौं,
- विभत्स तस्वीर, भिडियो अपलोड र शेयर नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०५५/ ९८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# किसानको माग सम्बोधन गर

**पूर्वी नेपालको इलाम जिल्ला दूग्ध उत्पादनमा अग्रणी मानिन्छ । इलामका पाँच 'अ' भनेर यहाँका कृषि उत्पादनलाई लिइन्छ, जसमा अलैंची, अदुवा, अम्लिसो र आलु रहेका छन् । भूगोल, हावापानी र प्रकृतिको सुन्दर संगमका रुपमा रहेको इलाम पर्यटकीय गन्तव्यका रुपमा समेत सुपरिचित छ । यहाँका विशेष उत्पादन मध्येको पाँचौं 'ओलन' अर्थात् दूध र दूधजन्य उत्पादनहरुको बजारीकरणका कारण युवाहरुको समेत आकर्षण बढ्दै गएकाले इलाम दूध र दूधजन्य उत्पादनमा अग्रणी बनिएको हो । सानो लगानीमा स्वरोजगार हुने माध्यम बनेपछि दूधजन्य उद्योग (डेरी)मा बर्सेनि युवाको लगानी पनि थपिँदै गएको छ । कतिपय युवा र विदेशबाट फर्किएकाहरु डेरी उद्योग स्थापना गरेर दूध संकलन गरी प्रशोधन तथा छुर्पी, ध्यू लगायतको उत्पादनमा लागेका छन् ।**

**इलाममा सयौं डेरी उद्योग दर्ता भएका छन् । ती उद्योगहरु धेरैजसो युवाकै नाममा दर्ता छन् र तिनले धेरैलाई प्रत्यक्ष रोजगारी पनि दिएका छन् । डेरी उद्योगबाटै खाद्य परिकारहरु ललीपप, बम्बैसन, चिज आदि उत्पादन भइरहेका छन् । जसले इलामको विशिष्ट पहिचान कायम गराएको छ । दूध र दूधजन्य उत्पादनले रोजगारी र व्यवसायीकता दुबै दिन थालेपछि गाईपालन पनि प्रमुख व्यवसाय बन्दै गएको हो । यसो हुनुमा सरकारको लगानी, कृत्रिम गर्भाधान, गाईवस्तुको नश्ल सुधार र उन्नत जातको घाँसखेतीले सघाएको जिल्ला पशु सेवा कार्यालय इलामले जनाएको छ । तर, पछिल्लो समय इलामका किसानले दूग्धजन्य पदार्थको निकासी र भुक्तानीमा समस्या भोगिरहेका छन् । यहाँको दूध कोशी प्रदेशको राजाधानी विराटनगरस्थित दूग्ध विकास संस्थान डीडीसीले खरिद गर्दै आएकोमा गत साउनदेखि भुक्तानी दिएको छैन । चारैतिर हारगुहार गर्दै आएका किसानले पछिल्लो पटक इलाम नगरपालिकासँग भुक्तानीका लागि सहयोग गर्न अनुरोध गरेका छन् ।**

**किसानहरुको अनुरोधलाई सम्बोधन गर्दै इलाम नगरपालिकाको नगर सभाले यसको समाधान गर्न सरकारसँग माग गरेको छ । डीडीसीबाट पाउनुपर्ने करोडौं रकम भुक्तानी नहुँदा युवा लगायत पशुपालन व्यवसायमा लागेका किसान पलायन हुने जोखिम बढेको छ । दूध र दूधजन्य उत्पादनमा आत्मनिर्भर इलाम र त्यहाँका किसान, चिस्यान केन्द्र सञ्चालक मर्कामा त परेकै छन्, यसले उद्यमशील बन्न खोज्ने युवाहरुको धारणामा समेत नकारात्मक असर पार्ने जोखिम बढेको छ । नियमित उत्पादन हुने मध्ये हाल दुई हजार लिटर मात्र विराटनगर लगिने भएकाले उत्पादन खेर जाने र मूल्य नपाउने अवस्थालाई समेत मध्यनजर गर्दै तीनै तहका सरकारको समन्वयमा किसानको मागको सम्बोधन गरिनुपर्दछ । अन्यथा रहे-बचेको कृषि कर्मप्रति पनि किसानको आशा र आकर्षण हराउने छ । त्यस्तो अवस्था कसैका लागि पनि हितकर हुँदैन ।**

# क्यान्सरको भय र भ्रम हटाउन जरुरी छ

डा. प्रकाश बुढाथोकी

गुल्मी-तम्घास घर भएका रामकृष्ण देब्रे घाँटीमा घाडो आएपछि क्यान्सर नै भयो भनी अत्तालिएर सेटेलाइट क्लिनिकको राजधानी मानिने बुटवलमा र त्यसपछि भरतपुर पुगी एफ एन ए सी. तथा वायोप्सी नै गराए । जहाँ उनी जस्तै गाडो, गठखलो र पिलो भएका थुप्रै बिरामी थिए । मुखबाट रगत र पिप लगातार बहँदा तथा गाउँघरका मानिसले थरि-थरिका भयानक कथा सुनाउँदा पनि केही नलागेका रोल्पा थवाङका तेमन बुढा स्वास्थ्य शिविरमा आएका थिए । न यस समस्याले दुःख दिएको छ, न खाना नै मागेको छ, किन पैसाको कुटुरो बोकी चिकित्सकलाई बुझाउने भनी प्रतिवाद गर्दै थिए ।

क्यान्सर सानो उमेरमा हुँदैन, स्तन क्यान्सर महिलालाई मात्र हुन्छ, गिर्खा देखिने बित्तिकै क्यान्सर हो, म्यामोग्रामले दुख्छ, क्यान्सर भएपछि मरिन्छ, केमोले झन असर गर्छ, क्यान्सर सरुवा रोग हो भन्नेजस्ता भनाइ पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका थुप्रै स्वास्थ्य शिविरहरुमा सुन्न पाइन्छ । अन्तराष्ट्रिय क्यान्सर नियन्त्रणका लागि युनियन (युआइसीसी)का अनुसार क्यान्सरबाट वर्षेनि ७० लाख मर्ने गरेका छन् भने एक करोड १० लाख नयाँ क्यान्सरका बिरामी देखा पर्दछन् । मुटु तथा नशा रोगपछि मानिसको ज्यान लिने दोस्रो भयानक रोग पनि हो । यो क्रम जारी रहे वर्षेनि एक करोड बढीको मृत्यु क्यान्सरबाट हुने अनुमान गरिएको छ ।

वर्तमान विश्वमा हुने कुल मृत्यु मध्ये १३ प्रतिशत कारकतत्व क्यान्सर हो र करिब ९० प्रतिशत क्यान्सर खानपिन, रहनसहन, वातावरण, जीवनशैली आदिको कारणले र १० प्रतिशत शरीरको आन्तरिक कारणले हुने गर्दछ । विश्व स्वास्थ्य सङ्गठन अनुसार विश्वमा प्रतिवर्ष ६० लाखभन्दा बढी, नेपालमा २५-३० हजार मानिस यस रोगबाट पीडित हुने गरेका छन्, जसमा आधाभन्दा बढी महिला नै पर्दछन् । नेपालमा प्रत्येक एक लाख जनसंख्यामा एक सयदेखि एक सय २० जना नयाँ क्यान्सरका रोगीहरु प्रत्येक वर्ष थपिने र करिब ७५ हजार क्यान्सरका रोगी हर समयमा नेपालमा भएको अनुमान छ । एकातिर यस्तो भयावह स्थिति छ भने अर्कोतिर क्यान्सर बनाउन सक्ने कारणहरु विगतका दशकमा एक हजार दुई सय गुणाले उत्पादन तथा प्रचारप्रसारमा वृद्धि भएको तथ्याङ्कले हामी स्वास्थ्यकर्मी मात्र होइन, स्वास्थ्यप्रति सचेत जनता र राष्ट्रलाई नै चिन्ताको विषय बनाएको छ ।

**क्यान्सर के हो ?**

शरीरको अङ्गप्रत्यङ्गका कोषहरु वा कोषीकाहरु अनियन्त्रित र असामजस्य रुपमा अस्वाभाविक आकार र संख्यामा वृद्धि भएर शरीरलाई प्रतिकूल असर पार्ने, नसर्ने रोगहरु मध्येको सबैभन्दा डरलाग्दो र प्राणघातक रोग क्यान्सर हो । क्यान्सरले आफू नजिकका तन्तुहरुलाई असर पार्नुका साथै शरीरमा एक स्थानबाट अर्को स्थानमा तन्तुमा रगत, लिम्फ आदिबाट सर्न वा असर पार्न सक्दछ । तर, एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दैन । अर्बुदरोग उपचार गर्न सकिने एक दुःख हो जुन पुरुषमा प्रायःजसोको उपचार हुन्छ र महिलामा झन् शुरुमै पत्ता लगाउन सकिन्छ ।

**किन क्यान्सर हुन्छ ?**

अर्बुदरोग हुने सम्भावना निश्चितरुपले बढाउनेमा रसायनिक विकीरण, विषाणु, हर्मोन, दीर्घकालीन घर्षण, चोटपटक, धातु, प्लाष्टिक पर्दछन् । सुर्ती तथा सुर्तीजन्य पदार्थ जस्तैः धुमपान, खैनी, बिडीको सेवन र मादक पदार्थको सेवन यसका मुख्य कारण हुन् । तयारी खाना, बासी खाना र बढी चिल्लो भएको खानाले पनि क्यान्सरको जोखिम बढाउँछ भने विषालु रसायन, आर्सेनिक, निकेल, अस्वेस्टस, अल्कत्रा र तारले पनि क्यान्सर हुन मद्दत गर्दछ । एक्सरे, अल्ट्राभाइलेट जस्ता विकिरण पनि यसका कारण हुन सक्छन् । इबिभी, एचपिभी, एचएसभी-१, सिएमआई, भारिसेला जुस्टर जस्ता भाइरसको प्रवेश तथा भिटामिन ए, ई र सी, खनिजतत्व, फलाम, जस्ता, तामा र म्यागनिज जस्ता पोषणको कमी, असुरक्षित यौन व्यवहार एवम् हर्मोन र स्ट्रोजेन र टिएसएचका कारण पनि क्यान्सर हुन सक्दछ । कतिपय व्यक्तिमा उमेर पाको हुँदै जाँदा र वंशानुगत आधारमा पनि यो रोग भएको पाइन्छ ।

आमाबाबु दुवै या एकमा क्यान्सर भएमा सन्तानमा हुनसक्छ । जस्तैः आँखामा हुने क्यान्सर रेटिनोब्लास्टोमा र स्तनक्यान्सर हरेक व्यक्तिले आफ्नो आहार-विहारमा परिवर्तन गरेमा ४० प्रतिशत क्यान्सर रोक्न सकिन्छ । धुम्रपान वा सुर्तीसेवन फोक्सो र शरीरका अन्य भागमा क्यान्सर बनाउने मुख्य कारण हो । आधुनिक जीवनशैली, रेष्टुरेन्टको विकास तथा पाश्चात्य परम्पराको नक्कलले गर्दा विभिन्न किसिमका सेकुवा तथा मदिराको प्रयोगमा बढोत्तरी भएको छ । पोलेको मासुमा नाइट्रोसमाइन रसायन हुने भएकाले मद्यपानसँगै खाँदा मुख, खाद्य नलीको क्यान्सर हुन सक्छ । रक्सीको साथ चिनीया बदम खानेलाई कोलन (दिशा नली) र कलेजोको क्यान्सर

हुन सक्छ । त्यसैगरी गाडीको टायर बाल्दा उत्पन्न हुने धुँवामा डाइअक्सिन हुने भएकाले क्यान्सर हुन सक्छ । पुरुषको लिङ्गमा जम्मा हुने सेतो पदार्थले क्यान्सर गराउन सक्ने भएकाले प्रत्येक पुरुष तथा महिलाले लिङ्ग र योनी सधैँ सफा राख्नुपर्दछ । सफा नराख्दा लिङ्ग र पाठेघरको क्यान्सर हुने जोखिम उच्च रहेको छ ।

**लक्षणहरु के-के हुन् त ?**

क्यान्सर बालबालिकादेखि वृद्धसम्म सबैलाई लाग्न सक्छ । तर पनि जति उमेर बढ्दै गयो त्यति नै क्यान्सर लाग्ने सम्भावना बढ्दै जान्छ । तर, क्यान्सरको प्रकृति र किसिममा भने भिन्नताहरु हुन्छन् । नेपालमा देखिएका क्यान्सरहरुमा पुरुषमा मुख तथा घाँटीको, फोक्सोको र ठूलो आन्द्राको सबैभन्दा बढी पर्दछ भने स्त्रीमा पाठेघरको मुखको, स्तन र फोक्सोको क्यान्सर तथा बालबालिकामा रगत र आँखा सम्बन्धी क्यान्सर बढी देखिएको छ । सरकारी आँकडा हेर्दा पुरुषमा फोक्सोको, महिलामा स्तनको र बालबालिकामा रगतको क्यान्सर प्रमुख पाइन्छ ।

शुरुका आठ लक्षणहरुमा बिना कारण वजन घट्न जाने, अपच वा खाना निल्न गाह्रो हुने, दिशा वा पिसावको बानीमा फरक पर्न जाने, असाधारण रक्तस्राव वा पिप आउने र उपचारबाट पनि पुरानो घाउ निको नहुने हुन्छ । त्यस्तै हतपत निको नहुने खोकी वा घोक्रो स्वर भएमा, कोठीको रङ र आकारमा परिवर्तन देखापरेमा र स्तन वा शरीरका अन्य भागमा दुख्ने वा नदुख्ने गिर्खा आएमा पनि क्यान्सरको लक्षण मान्न सकिन्छ । यस रोगमा अङ्ग अनुसार लक्षणहरु पनि फरक-फरक देखिने गर्दछ । क्यान्सर लागिसकेपछि व्यक्ति दुब्लो, पातलो, कमजोर हुँदै जाने, भोक नलाग्ने, रक्तअल्पता हुने र प्यारानियोब्लस्टीक सिन्ड्रोम हुँदै सिकिस्त हुन्छ र अन्त्यमा मृत्यु हुन्छ ।

**निदान कसरी गर्न सकिन्छ ?**

बिरामीको इतिहास सविस्तार जाँच गरेर, रगत, दिशा, पिसाबको परीक्षण गरेर, सियोले गिर्खाबाट पानी झिकी परीक्षण गरेर (एफएनएसी) तन्तु वा कोषको बायोप्सी गरेर, साधारण तथा स्पेसल एक्सरे अल्ट्रासोनोग्राम, सिटीस्क्यान, एमआरआई र इन्डोसकपिक जाँच गरेर क्यान्सरको निदान गर्न सकिन्छ । क्यान्सरको स्टेज अनुसार उपचार फरक पर्ने भएकाले क्यान्सरको स्टेजिङ गर्ने गरिन्छ । पहिलो र दोस्रो स्टेजको क्यान्सरलाई शुरुको अवस्था तथा तेस्रो र चौथो स्टेजलाई जटिल अवस्था मानिन्छ । पहिलो स्टेजमा रोग उत्पन्न भएकै ठाउँमा सानो रुपमा दोस्रो र तेस्रो स्टेजमा सोही ठाउँमै ठूलो र जटिल रुपमा रहेको तथा चौथो स्टेजमा रोग अन्य भागमा सरेको अवस्था वा मेटास्टासिस हो ।

**उपचार के हुन सक्छ ?**

कुनै पनि क्यान्सरको उपचार कति सफल रहन्छ भन्ने कुरा क्यान्सरको अवस्था, स्थान, प्रकार तथा किसिमले साथै बिरामीको स्वास्थ्य अवस्था र उमेरले पनि निर्धारण गर्दछ । यदि शुरुकै अवस्थामा नै क्यान्सरको निदान हुन सक्यो र उपचार शुरु गरियो भने उमेर ढल्किसकेका र रोगको अवस्था जटिल तथा ढिलो भइसकेकामा भन्दा सफल रहन्छ र क्यान्सर निको भई धनजनको क्षति न्यूनीकरण गर्न सकिन्छ ।

सोलिड ट्यूमरको उपचारमा शल्यक्रिया विकीरण र केमोथेरापिको प्रयोग गरिन्छ भने रगत सम्बन्धी क्यान्सरमा मुख्यतया केमोथेरापी र केहीमा विकिरणको प्रयोग गरिन्छ । निदानमा धेरै समय लाग्ने उपचारको क्रममा बारम्बार अस्पताल आउनुपर्ने, विभिन्न परीक्षणहरु बारम्बार गराउनुपर्ने, विकिरण तथा केमोथेरापीका कुप्रभाव, पार्श्वे प्रभावले बिरामी तथा आफन्तमा नकारात्मक सोँच ल्याउने भएकोले बिरामी स्वयम् आफन्तहरु संलग्न चिकित्सकहरु र स्वास्थ्यकर्मीहरुमा धैर्यताको आवश्यकता पर्दछ । क्यान्सरको उपचारमा कुन उपचार गर्दा बिरामीलाई अत्यधिक लाभ हुन्छ भनी निर्णय गर्न क्यान्सर सम्बन्धी विभिन्न विशेषज्ञहरुको आपसी सहकार्य अत्यन्त आवश्यक हुने भएकाले विशेषज्ञहरुको भेला ट्यूमर बोर्ड गठन छ ।

क्यान्सर लागेको भागलाई चिरफार गरी निकाल्ने विधि शल्यक्रिया, कोषनाशक औषधिहरुको प्रयोगद्वारा गरिने उपचार विधि केमोथेरापी, विकिरणद्वारा क्यान्सर कोषहरु सेकी उपचार गर्ने विधि रेडियोथेरापी, कतिपय क्यान्सरको वृद्धि हुनुमा शरीरमा हर्मोनको उपस्थिति बढी हुनेमा उक्त हर्मोनको भाग हटाइदिएर वा हर्मोनको प्रयोगद्वारा उपचार गर्ने विधि हार्मोनथेरापी र क्यान्सररोग रोक्न सक्ने क्षमतालाई वृद्धि गर्ने विधि इम्युनोथेरापी क्यान्सरको उपचारमा प्रयोग गरिन्छ ।

**क्यान्सरबाट कसरी बच्ने ?**

हालसम्म प्राप्त ज्ञान, सीप र प्रविधिले एक तिहाई क्यान्सर हुनु अगावै रोकथाम गर्न सकिने, अर्को एक तिहाई समयमै पत्ता लगाई उपचार गरी निको गर्न सकिने र बाँकी एक तिहाईलाई निको पार्न नसके पनि यस रोगबाट हुने पीडा कम गरी स्तरीय आयु लम्ब्याउन सकिन्छ । एक अध्ययन अनुसार महिलामा ६० प्रतिशत र पुरुषमा करिब ४० प्रतिशत क्यान्सरको कारकतत्व असन्तुलित भोजन नै हो । शुरुमा उपचार गरे क्यान्सर निको हुन्छ । तैपनि क्यान्सरबाट पाइने दुःख, हुने विकृति र विभिन्न समस्या तथा लाग्ने उपचार खर्चलाई सजिलैसँग नियन्त्रण गर्न सकिने भएकोले रोगको उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै उत्तम हुन्छ ।

- चुरोट, बिडी, खैनी, पान, तम्बाखु र गुटखा जस्ता लागूपदार्थ तथा सूर्तीजन्य पर्दाथको सेवन नगर्ने ।
- सडेगलेका, बासी, दुसीपरेका, बेसी रङ्गाइएका, बुट्टाबुट्टी भएका र अखाद्य रङ मिसाइएका खानेकुरा नखाने ।
- बेसी पोलेको मासु, डढेका खानेकुरा र बढी तातो, चिसो, चिल्लो खाना नखाने, जाँडरक्सी सेवन नगर्ने वा थोरै मात्रा लिने,
- प्रत्येक दिन शारीरिक व्यायाम गर्ने ।
- स्वच्छ सफा, ताजा, हरियो सागपात, पहेंलो फलफुल, गेडागुडी, रेसाजन्य तथा पौष्टीक पर्दाथ भएको शाकाहारी र सन्तुलित भोजन गर्ने (मासु खाने परे पनि सेतो मासु खाने) ।
- नक्कली र जथाभावी औषधिको प्रयोग नगर्ने, खाना खाइसकिेपछि मुख सधैँ सफा राख्ने, वातावरणीय प्रदूषणबाट जोगिने ।
- धेरै जनासँग यौन सम्पर्क नराख्ने ।
- अनावश्यक मोटोपन घटाउने र नियमित शारीरिक व्यायम गर्ने, नून धेरै हालेको खाना कम खाने ।

अन्त्यमा, सन् २०२२ देखि २०२४ सम्म फेब्रुअरी ४ को 'नारा क्लोजिङ द ग्याप ईन केयर' अर्थात् क्यान्सरको उपचारमा हुने असमानताको अन्त्य गरौं भन्दै मनाइँदैछ । स्वास्थ्यप्रति चेतनशील रहने र नियमित स्वास्थ्य परीक्षण गर्ने जस्ता व्यक्तिगत एवम् वातावरणीय सरसफाई, उचित खानपान तथा स्वस्थ जीवनयापन गर्नाले क्यान्सर रोगबाट जोगिन सकिन्छ । त्यसैगरी शुरुकै अवस्थामा रोग पत्ता लगाई उपचार गरेमा धेरैजसो क्यान्सर पूर्णतया निको पार्न सकिन्छ र दीर्घायु तथा मानवोचित, जीवनयापनमा सहयोग पुग्दछ ।

*(बुढाथोकी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता हुन् ।)*

# चोरीको सुन फिर्ता, नगद र सजाय छुट

□ युद्धबहादुर बोहोरा

**इलाम, माघ २२।** चोरी गरेको तीन तोला सुन फिर्ता गरेपछि चोरलाई माफी दिएको छ ।

नगद एक लाख पैसासहित सुन चोरी गरेका चोरले सुन चाहिँ फिर्ता दिए । उनले लगेको पैसा र सजाय भने पीडितले छुट गरेका छन् ।

यो घटना इलामको फाकफोकथुम-१ ठिंगेपुरस्थित याक्सारे टोलमा घटेको घटना हो । यसै टोलमा बस्ने ७४ वर्षीया डल्लीमाया थेगिमले चेप्टे सुन, औंठी र सुनको टिका घरको सानो बाकसमा राखेर गत पुष १५ गते छोराको घर झापामा झरेकी थिइन् । जब उनी माघ १६ गते घर फर्किइन् र सामाजिक सुरक्षा भत्ताको लागि कागजात खोजिन् तब थाहा पाइन् बाकस फोरेर सुन र पैसा हराएको ।

त्यसबेला उनको घरमा श्रीमान्, साहिँली र कान्छी बुहारी थिए । उनीहरुसँगै बुबा-आमा सानैमा निधान भएर पाँच वर्षमा टुहुरो बनेका स्थानीय २१ वर्षीय युवक प्रकाश सावा भनिने (रक्की लिम्बू)

पनि साथमै थिए । लिम्बूलाई छोरो सहर पालेर राखेका परिवारले कहिल्यै कुनै कुरामा शंका नगरेको बताए । यसको फाइदा उठाउँदै डल्लीमाया घरमा नभएको मौका पारेर उनले राखेको सुन र पैसा चोरी गरेको ७४ वर्षीया पीडित थेगिमले सुनाइन् ।

त्यसपछि उनै २१ वर्षीय युवकलाई शंका गरेर आमचोक प्रहरी चौकीमा माघ १७ गते उजुरी दिइन् । उनलाई पक्राउ गरेपश्चात् थप अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय इलाममा पठाइयो । प्रहरी कार्यालयमा पुगेपछि माघ १८ गते चोरी गर्ने व्यक्तिले लगेको एक लाख पैसाबाट मोबाइल किनेको र काठमाडौं घुमेर सकिएको बताउँदै साथमा कुच्याएर बोकेको तीन तोला सुन फिर्ता गरेपछि आपसी समझदारीमा मेलमिलाप भयो ।

सानैदेखि परिवारको सदस्य मानेर राखेको व्यक्तिले फटाई गरेता पनि आगामी दिनमा सुधि्रयोस् भनेर एक पटक मौका दिएर सजाय र पैसा छुट गरेको परिवारले जानकारी दिए । डल्लीमाया भन्छिन्- 'आजभोलि कसैको विश्वास गर्ने दिन रहेनछ । आफैले पालेको सर्पले, आफैलाई डस्छ भन्थे हो रैछ ।'

उनीहरुको साथमा पाँच वर्षदेखि आफ्नै घरमा पालेर हुर्काएका प्रकाशले त यसरी धोका दिन्छन् भने झन् अरुबाट बढी खतरा हुने बताउँदै सबैलाई सचेत बन्न १ नम्बर वडाका पूर्व वडाध्यक्ष टेकबीर लिम्बूले आग्रह गरेका छन् ।

आफ्नो थैलीको सुर्को, आँफै दह्रो बाध्नु अरुलाई चोर नलगाउनु भन्ने बुढापाकाको भनाइलाई बिर्सन नहुने उनले बताए । उनी छुटकारा पाएसँगै घर छोडेर अन्यत्रै बस्ने गरेको पीडित परिवारको भनाइ छ । प्रहरी कार्यालयमा मेलमिलाप गरेपछि फिर्ता गरिएको तीन तोला सुन १ नम्बर कार्यालयको रोहबरमा पीडित परिवारलाई घरैमा पुगरे हस्तान्तरण गरिएको वडाध्यक्ष कर्णबहादुर लिम्बूले जानकारी दिए

# धरानमा सुम्निमा पारुहाङ मूर्ति अनावरण

**धरान, माघ २२।** धरान उपमहानगरपालिका-१७ साकेला सांस्कृतिक पार्कमा सुम्निमा पारुहाङको मूर्ति अनावरण गरिएको छ ।

सुनसरी जिल्लामा पहिलोपटक सबैभन्दा अग्लो सुम्निमा पारुहाङको मूर्ति निर्माण गरिएको हो । धरान-१८ निवासी कृष्णदेव राई र दया राईले २५ लाख रुपैयाँको लागतमा मूर्ति निर्माण गरेका हुन् । उक्त मूर्तिको उद्घाटन धरान उपमहानगरपालिकाका नगर उपप्रमुख आइन्द्रविक्रम बेघाले गरेका थिए ।

किरातीहरुको आदिम पुर्खा सुम्निमा पारुहाङको १२ फिट अग्लो मूर्ति सुनसरीमै पहिलोपटक निर्माण गरिएको यायोक्खाका अध्यक्ष राजेन्द्र राईले बताए ।

धरानका नगरप्रमुख हर्कराज राई साम्पाङको नेतृत्वमा धरान-२० चिन्डेडाँडा क्षेत्रमा पनि किरात राई समुदायका देउता सुम्निमा पारुहाङको प्रतिमा निर्माण गरिने भएको छ ।

**नियन्त्रण खोई ?** नेपाल तामाङ घेदुङ संघ अर्जुनधारा र ज्याङ्छुप छ्योडलिङ गुम्बा व्यवस्थापन समितिको संयुक्त आयोजनामा अर्जुनधारा–१ स्थित मदनपुरमा भएको सांगीतिक कार्यक्रममा झापामा प्रतिबन्ध गरिएको कटन क्यान्डी बिक्री गर्न पुगेका व्यापारी । खुल्ला रुपमा विभिन्न रंगको प्रयोग गरी बिक्री–वितरण हुने गरेको कटन क्यान्डीको परीक्षण गर्दा अखाद्य रंग पाइएपछि खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय झापाले त्यसको बिक्री–वितरण कडाइका साथ रोक्न सबै स्थानीय तहहरुलाई पत्र मार्फत् आग्रह गरेको छ । *तस्वीरः अमित खम्बू/पूर्वाञ्चल दैनिक*

# भीमसेनको स्थापना दिवस

**सुरुङ्गा, माघ २२।** भीमसेन साकोस सुरुङ्गाको १४औं स्थापना दिवसको अवसरमा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष नरेन्द्रकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा तीर्थराज खरेल र प्रयागराज काफ्लेले सहजीकरण गरेका थिए । संस्थाका सञ्चालक समिति सदस्य खरेलले सहकारी राम्रो बनाउने कुरा सहकारीकर्मीको हातमा रहेको बताए ।

सहकारीले समाजका सबै वर्ग, तह र तप्काका मानिसलाई बिना भेदभाव एकै ठाउँमा भेला गरेर सामुहिक हितमा छलफल र बहस गर्ने र आफूले सकेको पुँजी निवेश गरी आर्थिक क्रियाकलापमा सरिक हुन बाटो खोल्ने खरेलको भनाइ थियो ।

अनेक विकृति, चुनौती र जोखिम सहकारी क्षेत्रमा देखा परिरहेको आजको अवस्थामा सहकारीमा सिद्धान्त, मूल्य, मान्यता र आदर्शहरूको प्रभावकारी परिपालना गर्दै समुदायमा आधारित उत्पादनकेन्द्रित, सुशासित र अनुशासित व्यवसाय सञ्चालन गर्नुपर्ने खरेलको जोड थियो ।

त्यसैगरी, वित्तीय क्षेत्रबाट हालै सेवानिवृत्त काफ्ले कनकाई नगर क्षेत्रका एक अग्रणी सहकारीकर्मी मानिन्छन् । काफ्लेले सहकारीको नाममा सहकारीका सिद्धान्त र मूल्य-मान्यता विपरीत कार्य गर्ने केही व्यक्ति एवम् समूहहरूका कारण विशेषगरी वित्तीय कारोबार गर्ने सहकारीले केही हदसम्म बदनामी कमाएको बताए ।

समाजमा रहेका मानिसहरूको सहकारी ज्ञानको कमीका साथै मानिसमा रहेको लोभीपनलाई निजी स्वार्थ पूरा गर्न पल्केका व्यक्ति तथा समूहहरूले

सजिलै फाइदा लुट्न सक्छन् भन्ने कुरा सहकारीमा पनि देखिएकोले सहकारीले गरेका उपलब्धिहरूलाई संस्थागत गर्दै त्यसमा देखिएका कमी-कमजोरी तथा विकृति रोक्न र यसबाट बचाउनका लागि नियमनकारी निकाय र सहकारी अभियन्ताहरूले महत्वपूर्ण भूमिका खेल्नुपर्ने उनले बताए ।

कार्यक्रममा संस्थाका सल्लाहकार संयोजक भरतकुमार श्रेष्ठ, पूर्व सल्लाहकार मानबहादुर भुजेल, ऋण समितिका सदस्य कृष्ण अधिकारी, लेखा परीक्षण समिति सदस्य कुमार पाठक, व्यवस्थापक खगेन्द्रकुमार श्रेष्ठ, शेयर सदस्य रूद्रबहादुर श्रेष्ठ, कर्मचारीद्वय रविना दाहाल र कमला श्रेष्ठले मन्तव्य राखेका थिए ।

कार्यक्रममा ऋण समिति संयोजक भीमबहादुर श्रेष्ठ, आदिवासी जनजाति महासङ्घ झापा जिल्ला सचिव लक्ष्मणज्वयल श्रेष्ठ, संस्थाका सल्लाहकारद्वय रामबाबु महर्जन र मैया चौहान, पूर्व सल्लाहकार काजी पाठक लगायतको आतिथ्य रहेको थियो । उपाध्यक्ष रत्नकुमार श्रेष्ठले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव तेजबहादुर श्रेष्ठले गरेका थिए ।

## मोटरसाइकल जुध्दा पुलबाट झऱ्यो

**पथरीशनिश्चरे, माघ २२।** मोरङको उर्लावारी नपागरपालिका-७ को शाखा मावा पुल दमकबाट उर्लावारीतर्फ आउँदै गरेको मोटर साइकल एक-आपसमा ठोक्किदा दुर्घटना भएको छ ।

दुर्घटनामा ११ प ४८६८ नम्बरको मोटरसाइकल र सोही दिशाबाट आउँदै गरेको अर्को ३३ प ६२४६ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा पुलको पूर्व साइडको छेउबाट दुबै मोटरसाइकल पुलमुनि झरेका थिए ।

घटना लगत्तै इलाका प्रहरी कार्यालय उर्लावारीबाट प्रहरी टोली खटी घाइतेको उद्धार गरी उपचारको लागि अरनिको अस्पताल उर्लावारी पठाई उपचार भएको थियो । चार जनाको अवस्था मध्यम रहेको र दुईवटा मोटरसाइकल इलाका प्रहरी कार्यालय उर्लावारीले नियन्त्रणमा लिएको छ ।

३३ प ६२४६ नम्बरको मोटरसाइकल चालक जिल्ला मोरङ सुन्दरहरैचा नगरपालिका-८ सलकपुर बस्ने वर्ष २४ को सौगात शिवा र पछाडी सवार सौगात शिवाको बुवा वर्ष ४६ को दिलकुमार शिवाको शरीरको विभिन्न भागमा समान्य चोटपटक लागेको छ ।

११ प ४८६८ नम्बरको मोटसाइकल चालक मोरङको पथरीशनिश्चरे-९ बस्ने ५० वर्षीय गोपाल तामाङको शरीरको विभिन्न भागमा चोट लागेको र सोही अस्पतालमा उपचार भइरहेको र पछाडि सवार १६ वर्षीया सञ्जु सुब्बा समेत घाइते भएको इलाका प्रहरी कार्यलय उर्लाबारीका प्रहरी इञ्चार्ज देवेन्द्र दासले जानकारी दिए ।

# विद्यार्थीलाई जुत्ता तथा ब्याग

**बिर्तामोड, माघ २२।** बिर्तामोड नगरपालिका-१०, सैनिक बजारस्थित महेन्द्रज्योति माविका विद्यार्थीलाई जुत्ता र स्कूल ब्याग वितरण गरिएको छ ।

विद्यालयमा आयोजित एक कार्यक्रमकाबीच बिर्तामोड नेपाली जुत्ता घर र लायन्स क्लक अफ बिर्तामोड लेडीद्वारा नर्सरीदेखि कक्षा ५ सम्म अध्ययनरत् एक सय ४६ जना विद्यार्थीलाई जुत्ता र ५० जनालाई ब्याग वितरण गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड नगरपालिका प्रमुख पवित्रा महतारा प्रसाई, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, दाताहरु बिर्तामोड नेपाली जुत्ता घरका सञ्चालक, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा नेपाली जुत्ता उद्यमी समूहका निवर्तमान अध्यक्ष नानीराज घिमिरे, लायन्स क्लव अफ बिर्तामोड लेडिकी अध्यक्ष निरु उप्रेती ओली लगायतले उक्त शैक्षिक सामग्री वितरण गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि प्रसाईले विद्यार्थीको आवश्यकता बुझेर शैक्षिक सामाग्री प्रदान गर्ने दाताले पुण्यदायी काम गरेको भन्दै अरुले पनि यसतर्फ अग्रसर बन्नुपर्ने बताइन् । दाताहरु बिर्तामोड बताउँदै आगमी दिनमा पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा वडाध्यक्ष दुर्योधन गुरुङको अध्यक्षता तथा बिर्तामोड नगरपालिका प्रमुख प्रसाईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक जयकुमार झाले स्वागतसहित धन्यवाद ज्ञापन गरेका थिए ।

पत्रकार इन्द्रसिंह राजवंशीको संयोजन रहेको कार्यक्रममा नगरप्रमुख प्रसाई, उपप्रमुख संग्रौला, बिर्तामोड नेपाली घरका सञ्चालक तथा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य घिमिरे, लायन्स क्लव अफ बिर्तामोड लेडिकी अध्यक्ष ओली लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

लायन्स क्लव अफ बिर्तामोड लेडीकी संस्थापक अध्यक्ष उर्मिला बिमली, बोर्ड अफ डाइरेक्टर सुनिता उप्रेती, अम्बिका मैनाली, नेपाली जुत्ता उद्यमी समूहका होमनाथ उपाध्यक्ष, हरिशचन्द्र चम्लागाईं लगायतको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन शिक्षक वीरेन्द्र कडरियाले गरेका थिए ।

# प्रहरी चौकी आक्रमणमा कम्तीमा १० सुरक्षाकर्मीको मृत्यु

**झापा, माघ २२।** उत्तरी पाकिस्तानको एक प्रहरी चौकीमा सोमबार बिहान दर्जनौं लडाकूले आक्रमण गर्दा कम्तीमा १० जना सुरक्षा अधिकारीको मृत्यु भएको वरिष्ठ प्रहरी कमान्डरले बताएका छन् ।

पाकिस्तानमा आम चुनावमा मतदान हुनुभन्दा केही दिनअघि नै उम्मेदवार र पार्टीका समर्थक माथि दर्जनौं आक्रमण भइसकेका छन् । 'चौकीमा ३० जनाभन्दा बढी आक्रमणकारीले तीन दिशाबाट हमला गरेका थिए ।' -खैबर पख्तुनख्वा प्रान्तका प्रहरी प्रमुख अख्तर हयात गण्डापुरले एएफपीसँग भने- 'साढे दुई घण्टाभन्दा बढी सशस्त्र झडप भएको उक्त घटनामा कम्तीमा १० सुरक्षाकर्मी मारिएका छन् ।'

उनले डेरा इस्माइल खान जिल्लाको चौधवान प्रहरी चौकीमा भएको आक्रमणमा अन्य चार सुरक्षाकर्मी घाइते भएको जानकारी दिए ।

खैबर पख्तुनख्वाको सीमावर्ती क्षेत्रमा वर्षौंदेखि पाकिस्तानी तालिवान, इस्लामिक स्टेट र अन्य समूहले सरकार र सुरक्षा लक्ष्यमा आक्रमण गर्नुका साथै सर्वसाधारणलाई लक्षित गर्ने गरेका छन् ।

गण्डापुरको स्थानीय प्रशासनले एएफपीलाई बताएअनुसार आक्रमणकारीहरूले सोमबार बिहान आक्रमणको क्रममा केही समयका लागि प्रहरी चौकीलाई नियन्त्रणमा लिएका थिए । गत हप्ता पाकिस्तानको दक्षिणपश्चिम क्षेत्रमा रहेको एक सरकारी भवन परिसरमा बलोच पृथकतावादी समूहले लुकीछिपी आक्रमण गरेपछि भएको घटनामा २४ जना लडाकू मारिएको सेनाले जनाएको थियो ।

आक्रमण र त्यसपछिको खोजी कारवाहीमा चार सुरक्षाकर्मी र दुई सर्वसाधारणको मृत्यु भएको थियो । प्रतिबन्धित बलोच पृथकतावादी समूह बलुचिस्तान लिबरेशन आर्मी (बीएलए)ले सामाजिक सञ्जालमा एक विज्ञप्ति जारी गर्दै उक्त आक्रमणको जिम्मेवारी लिएको छ ।

पाकिस्तानको निर्वाचन आयोगले गत हप्ता खैबर पख्तुनख्वा र बलुचिस्तान प्रान्तमा पूर्वनिर्धारित कार्यक्रम अनुसार नै मतदान हुने बताएको थियो । हिंसा भड्किएपछि सुरक्षा अधिकारीहरूसँग आकस्मिक बैठक गरी निर्वाचन कार्यक्रम यथावत रहने बताएको थियो । मतदाताको सुरक्षाका लागि देशभर हजारौं सुरक्षाकर्मी परिचालन गरिने सरकारले जनाएको छ ।

# दादुरा-रुबेलाबिरुद्धको ६० लाख मात्रा खोप आयो

**झापा, माघ २२।** सरकारले दादुरा-रुबेलाबिरुद्धको खोप ल्याएको छ ।

स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले दादुरा-रुबेलाबिरुद्धको ६० लाख ५० हजार मात्रा खोप ल्याइएको र उनले दुई लाख ८० हजार मात्रा खोप आउन बाँकी रहेको जानकारी दिए ।

यो खोप अभियान सञ्चालन गरी करिब ५७ लाख बालबालिकालाई लगाइने छ । भारतीय सेरम इस्टिच्युटले उत्पादन गरेको उक्त खोप ग्लोबल अलायन्स फर भ्याक्सिन एन्ड इमुनाइजेसन (गाभी)को अनुदानमा उपलब्ध भएको उनले बताए ।

सरकारले देशभरि नै सम्भावित सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै १५ वर्ष मुनिका सबै बालबालिकालाई आगामी फागुन १३ गतदेखि चैत ७ गतेसम्म खोप अभियान सञ्चालन गर्ने जनाइएको छ ।

भारतसँग सिमा जोडिएका तथा दादुरा-रुबेलाको अति सङ्क्रमित २१ र काठमाडौं उपत्यकाका तीन गरी २४ जिल्लामा नौ महिनादेखि १५ वर्ष मुनिसम्मका बालबालिकालाई खोप लगाइने खोप शाखाका प्रमुख डा. गौतमले जानकारी दिए । बाँकी जिल्लामा नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई पनि खोप अभियानमा सहभागी गराइने उनको भनाइ छ ।

सरकारले यसअघि नै भूकम्पका बेला जाजरकोट र पश्चिमरुकुममा खोप अभियान सञ्चालन गरिसकेको छ । सन् २०२६ सम्म दादुरा-रुबेला निवारण गर्ने लक्ष्यका साथ खोप अभियान सञ्चालन गर्न थालिएको हो । खोप आपूर्ति व्यवस्थापन शाखाका प्रमुख डा. सुरेन्द्र चौरसियाले खोप टेकुस्थित केन्द्रीय भण्डारण कक्षमा रहेको जनाउँदै चाँडै नै जिल्लामा पठाइने बताए ।

दादुरा-रुबेला भएका बेला ज्वरो आउने, शरीरमा राता बिबिरा आउने, रुघाखोकी लाग्ने, आँखा पाक्ने जस्ता लक्षण देखिने भन्दै समयमा उपचार नगरेर आँखा नदेख्ने समस्याका साथै निमोनिया, कान पाक्ने लगायत समस्या हुने उनले बताए ।

सामान्यतया: दादुरा-रुबेला लागेका बिरामीमा आँखा पाकेर अन्धो हुने, कान पाकेर नसुन्ने, निमोनिया भएर श्वासप्रश्वास फेर्न समस्या देखिन्छ । गत वर्ष १९ जिल्लामा दादुरा-रुबेला महामारीका रुपमा फैलिएको थियो ।

## इण्डियन आइडलबाट बाहिरिइन् मेनुका

मेनुका पौडेल भारतको चर्चित गायन रियालिटी शो 'इन्डियन आइडल'को प्रतिस्पर्धाबाट बाहिरिएकी छन् । उत्कृष्ट १० सम्म पुगेकी मेनुका आइतबारको भागमा बाहिरिएको घोषणा गरिएको हो ।

मेनुकाले आफ्नो सामाजिक सञ्जाल फेसबुक मार्फत आफू इण्डियन आइडलबाट बाहिरिएको जानकारी दिएकी छन् । इण्डियन आइडलबाट बाहिरिए लगत्तै उनी सोमबार गृह जिल्ला झापा आइपुगेकी छिन् । पूर्वीनाका काँकरभिट्टा हुँदै नेपाल आएकी उनलाई नेपाल प्रवेशद्वारमा विभिन्न संघ-संस्थाले स्वागत गर्दै बधाई ज्ञापन गरेका थिए ।

'इण्डियन आइडलको मेरो यात्रा अहिलेलाई सकिएको छ । तर, नयाँ सांगीतिक यात्राको पनि भर्खर शुरू भएको छ । पहिले भन्दा अझै सक्रिय हुनेछु । यो मेरो सुरूवात हो, अन्त्य होइन' - उनले सामाजिक सञ्जालमा लेखेकी छन् ।

उनी इण्डियन आइडलको उत्कृष्ट १० मा छनोट भएकी थिइन् । यो अवधिमा मेनुकाले 'सलार' मार्फत भारतीय फिल्म गायनमा डेब्यु समेत गरेकी छन् । 'इन्डियन आइडल'मा चिकित्सकहरूले उनलाई 'एआई भिजन चस्मा' समेत उपहार दिएका थिए ।

झापाको हल्दिबारी गाउँपालिकामा जन्मिएकी फरक क्षमताकी मेनुकाको गायन प्रतिभाले भारतीय प्रतिष्ठित सञ्चारमाध्यममा स्थान बनाएको थियो ।

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
**सम्पर्क :**
९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नगरपालिका– ४, झापा

**इ-साइकल र स्कुटी**
ब्याट्रीबाट चल्ने स्कुटी र साइकल
100 KM Mileg- Rs. 10

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-
जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
9817949745, 9802742456

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** -
मन प्रशन्न रहने छ । धन तथा स्वास्थ्य लाभका साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ । शुभ खबर सुन्न पाइने छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** -
आजको दिन फलदायी रहेको छ, चिट्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** -
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** -
तपाईले आज क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** -
समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, धैर्य रहनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** -
व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, अकस्मात धन लाभ हुनेछ, मिष्ठान्न भोजन प्राप्त हुनाले तपाईको मन प्रशन्न रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** -
सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, आज रचनात्मक तथा कलाकारितामा मन जानेछ, समग्रमा दिन लाभदायक रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** -
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** -
आज स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, तर, आज पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** -
आजको दिन मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** -
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** -
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, तपाईको आज मन खिन्न रहला ।